# खाद्य सुरक्षाको लागि वन र वनमा आधारित उद्यमको भूमिका

✍ राजन प्रसाद पौडेल[१] र प्रवीण भुसाल[२]

## १. पृष्ठभूमि

संसारका बढ्दो जनसंख्याको खानाको मागलाई उचित व्यवस्था गर्नु २१ औं शताब्दीमा मानवजातिको लागि एउटा ठूलो चुनौती रहेको छ । संसारभर ८७ करोड मानिस प्रत्येक दिन भोकै रहन्छन्, साथै ९२ करोड मानिस खाद्य असुरक्षित छन्- जुन संसारका छ मध्ये एक व्यक्ति हुन्छ (FAO 2009) । जलवायु परिवर्तन, गैर कृषि प्रयोजनका लागि जमिनको बढ्दो माग र अन्य विविध कारणले गर्दा खाद्यान्नको लागि कृषिका साथसाथै वनस्रोतमा चाप बढ्दो छ । प्राय वनमा गरिब र गरिबमध्येका पनि अति गरिब समुदाय निर्भर रहेका हुन्छन् । वनबाट प्राप्त हुने वस्तुको संकलन, प्रशोधन र वितरणमा आधारित वन उद्यम प्रवर्द्धन गर्न सकेमा ग्रामीण गरिब तथा विपन्न समुदायको खाद्य सुरक्षामा योगदान गर्न सकिन्छ ।

FAO को परीभाषाअनुसार खाद्य सुरक्षा भन्नाले त्यस्तो अवस्था हो - जहाँ सक्रिय र स्वस्थ जीवनका लागि आवश्यक आहारा र खाना प्राथमिकताहरु सबै मानिसको लागि सबै समयमा पर्याप्त र संरक्षित हुन्छ र पौष्टिक खानामा शारीरिक, सामाजिक र आर्थिक पहुँच रहेको हुन्छ । यस्तो अवस्थाको अभावलाई खाद्य असुरक्षा भनिन्छ । खाद्य असुरक्षा कम उत्पादनको परिणाममात्र होइन - बरु यो त अपर्याप्त वितरण प्रणाली, अदक्ष खपत, क्रय शक्तिको अभाव र अन्य गैर फलदायी कारणको उपज पनि हो (CIFOR 2013)। पूर्ण निरपेक्ष खाद्य सुरक्षा प्राप्त गर्नको लागि चार प्रमुख तत्व (उपलब्धता, पहुँच, उपयोग र स्थिरता) को मुख्य आवश्यकता रहन्छ ।

वनमा आश्रित उद्यमले भिटामिन तथा पौष्टिक तत्वले भरिपूर्ण उपभोग्य वस्तु उत्पादन गरी प्रत्यक्ष रूपमा फाइदा पुऱ्याउँदछ तथा रोजगारीको सृजनाबाट आम्दानी गर्ने अवसर प्रदान गरी आफूले चाहेका खाद्य पदार्थको उपभोग गर्ने पहुँच बढाउँदछ । वनमा आधारित उद्यम भन्नाले वनसँग सम्बन्धित वस्तु तथा सेवाको उत्पादन र विक्री वितरणमा संलग्न भएको आर्थिक इकाईलाई बुझिन्छ । यस्ता उद्यमले वनसँग सम्बन्धित वस्तुको संकलन, प्रशोधन र विक्रीवितरणबाट रोजगारी सृजना गरी आम्दानी गर्ने अवसर प्रदान गर्दछ । वनमा आधारित उद्यममध्ये बहुमत उद्यम सूक्ष्म, साना तथा मझौला छन्- जसमा समुदायमा आधारित वन उद्यम पनि पर्दछन् (ITTO 2007) । यस्ता उद्यमले नेपालमा हुने औद्योगिक उत्पादन मूल्यको ७० देखि ८० प्रतिशत, रोजगारीको ८० प्रतिशत र सम्पूर्ण निर्यात मूल्यको ७० प्रतिशत ओगट्दछ । यस्ता उद्यम प्रायः वनसँग सम्बन्धित वस्तुहरु जस्तै जडीबुटी, औषधि र सुगन्धित गुणयुक्त वनस्पति, सुगन्धित तेल, मसला, च्याउ र अन्य खानयोग्य वस्तुको संकलन, प्रशोधन र विक्री वितरणसँग सम्बन्धित रहेका छन् ।

नेपालमा वन उद्यम र खाद्य सुरक्षाको विषय वनमा आश्रित विशेष सामाजिक समूह (आदिवासी, जनजाति, पिछडिएका दलित गरिब आदि) सँग जोडिएर आउनाले पनि खाद्य सुरक्षाको विषय गम्भीर र महत्वपूर्ण छ । यसले यस्ता समूहको जीविकोपार्जनका अवसर सिर्जना गर्ने बलियो सम्भावना बोकेको छ ।

## २. खाद्य सुरक्षामा वन र वनमा आधारित उद्योगले कसरी योगदान गर्दछन् ?

पृथ्वीमा रहेका करिब एक करोड विभिन्न प्रजातिका जनावर, वनस्पति, च्याउ तथा सूक्ष्म जीवजन्तुको लागि वन मुख्य वासस्थान हो । जङ्गली वनस्पतिलाई

१ लेखक राष्ट्रिय प्रकृति संरक्षण कोषमा कार्यरत हुनुहुन्छ । सम्पर्कः rajanpoudel093@gmail.com
२ लेखक त्रिभुवन विश्व विद्यालय, वन विज्ञान अध्ययन संस्थानका उपप्राध्यापक हुनुहुन्छ ।

कृषिजन्य पद्धतिबाट घरेलुकरण नगरेसम्म हामीले उपभोग गर्ने सम्पूर्ण खाद्यवस्तु को उद्गम थलो वन नै रहेको हुन्छ । वनस्रोत ग्रामीण समाजमा बसोबास गर्ने ८३ प्रतिशत नेपालीको जनजीविकाको सहारा रहेको छ र करिब ७८ प्रतिशत इन्धनको माग वनबाटै परिपूर्ति गरिन्छ । वनका साथसाथै कृषि बारीमा रहेका रुख संसारका करोडौं गरिबको लागि खाना तथा आम्दानीको प्रत्यक्ष स्रोत हुन् (FAO 2011) । कम कृषि उत्पादन र कम आय हुने अनिकालको समयमा गरिब समुदायलाई वनबाट प्राप्त हुने खानयोग्य वस्तु तथा सेवा खाद्य असुरक्षासँग जुध्ने महत्वपूर्ण रणनीतिको रूपमा रहेको हुन्छ ।

आम्दानी गर्ने अवसरको कमीका कारण भएको कमजोर क्रयशक्ति नै ग्रामीण समाजमा व्याप्त गरिबी र बिग्रदो खाद्य सुरक्षाको मुख्य कारण हो (MEDEP, 2015) । वनसँग सम्बन्धित उद्यमहरु विभिन्न वन पैदावारको संकलन, प्रशोधन र वितरणमा संलग्न रहेका छन् । वनमा आधारित उद्यमले आम्दानी सिर्जना गर्ने गतिविधि मार्फत ग्रामीणण समाजका जनताको क्रयशक्ति बढाउँछ- जसको उपयोग गरेर उनीहरु आफूलाई चाहिने पर्याप्त खानाको व्यवस्थापन गर्न सक्दछन् । वनमा आधारित उद्योगबाट प्राप्त हुने यस्ता खाद्य वस्तुले खान्कीमा विविधता र पौष्टिक तत्व, खनिज र भिटामिन थप्ने कार्य गर्दछ (Vark, 2013) । यस्ता उत्पादनले ग्रामीण घरपरिवारको लागि पोषणले भरिपूर्ण खाद्यान्नको काम गर्दछन् साथै स्वादमा स्तरोन्नति गर्दछ । वनमै आफ्नो जीवन बिताउने फिरन्ते राउटेजस्ता समुदाय र वनमा अतिआश्रित विपन्न तथा पिछडिएका जनताको लागि वनबाट प्राप्त हुने यस्ता पदार्थ उनीहरुको खाद्य सुरक्षाको निम्ति एकमात्र उच्चतम विकल्प रहेको छ ।

वनमा आधारित उद्यमको लागि वनस्रोतबाट उपयोग गर्न योग्य कच्चा पदार्थको निरन्तर आपूर्ति जरुरी हुन्छ । यस्ता उद्यमको प्रवर्द्धनले वनको संरक्षण र सम्वर्द्धनको महत्व बढाउँछ । यस्ता संरक्षण कार्यले वनबाट विभिन्न खानयोग्य वस्तु, काठ, दाउरा र अन्य कच्चा पदार्थमात्र नभई वातावरणीय सुरक्षा प्रदान गर्ने गर्दछ । साथै पर्यावरणीय सेवा, जैविक विविधता र प्रयोगमा नआएका स्रोतको प्रयोगबाट आर्थिक लाभ लिने अवसर प्रदान गर्दछ (Arnold et al. 2011) ।

**तालिका १: वनले खाद्य सुरक्षामा पुऱ्याउने योगदानको विवरण**

| योगदान | विवरण |
|---|---|
| | **प्रत्यक्ष योगदान** |
| जंगली पात | पातलाई प्रायजसो झोल तरकारी र अचार बनाउन प्रयोग गरिन्छ - जसले खानामा स्वादका साथसाथै भिटामिन ए र सी, प्रोटिन र सूक्ष्मपोषक तत्व जस्तै क्याल्सियम र पोषणतत्व प्रदान गर्दछ । विभिन्न प्रजाति जस्तै काभ्रो प्रयोग गरिएको पाइन्छ । यसका साथै वनबाट प्राप्त हुने पातबाट देशका विभिन्न स्थानमा टपरी उद्योग सञ्चालन गरिएको छ- जसलाई खाना खाने थाल, प्लेट र कचौराको रूपमा प्रयोग गरिन्छ । |
| फलफूल | हजारौं प्रजातिका जंगली फलफूल संसारभर खपत गरिन्छ । फलफूलहरु खनिज र भिटामिनका प्रमुख स्रोत हुन् - जसलाई सिधै वा नपकाई खान सकिन्छ । वनमा आधारित उद्यमले यस्ता फलफूलको प्रवर्द्धन, संकलन र प्रशोधन गरी विभिन्न पेय पदार्थ तथा अन्य खानयोग्य वस्तु उत्पादन गर्दछ । |
| बिउ र गेडागुडी | भोजनमा शक्ति, तेल र प्रोटिनको मात्रा थप्दछन् साथै भिटामिन ए, डी, ई र के सोस्न पनि मद्दत गर्दछन् । |

| | |
|---|---|
| जरा र काण्ड | विभिन्न प्रजातिका वनस्पतिका जरा र काण्ड खानयोग्य हुन्छन् जसले शक्ति तथा केही खनिज पदार्थ प्रदान गर्दछन् । यी अनिकाल र अनावृष्टिका खाद्यवस्तु हुन् । यसका अतिरिक्त यस्ता जरा र काण्ड परम्परागत औषधिका मुख्य सम्मिश्रण पनि रहेका हुन्छन् । गिठा र भ्याकुरको पिछडिएका समुदाय जस्तै चेपाङ र राउटेको जीविकोपार्जनमा ठूलो महत्व रहिआएको छ । |
| च्याउ | वनमा पाइने जंगली च्याउ वन क्षेत्रवरपर बस्ने जनताको लागि खाद्यान्न (तरकारी) को एउटा मुख्य स्रोत रहिआएको छ । नेपालको उच्च हिमाली क्षेत्रमा पाइने विभिच्याउका विभिन्न प्रजाति (विशेषगरी यार्सागुम्बा र गुच्ची च्याउ)को संकलन र कारोबारबाट स्थानीयवासीमात्र नभई सरकारले समेत ठूलो राजस्व आर्जन गर्दछ । |
| मह | वनमा बस्ने माहुरीको मह पुर्खौंदेखि ग्रामीण जनताले प्रयोग गर्दै आएका छन् । वन क्षेत्रमा भएका वनस्पतिले जंगली माहुरीको लागि मात्र नभएर घर माहुरीको लागि पनि चरन र फूलको व्यवस्था गर्दछ । वन र कृषिमा आधारित माहुरी पालन उद्यम एउटा राम्रो उद्यमको रूपमा नेपालमा विकसित भएको छ । |
| मासु | कानुनले प्रतिबन्ध लगाएता पनि वनमा रहेका जनावर र चराचुरुङ्गीको मासु र अण्डा वन क्षेत्रवरपर बस्ने गरिब जनताको लागि मासु र यसबाट प्राप्त हुने प्रोटिनको एकमात्र स्रोत रहने गरेको छ । वन क्षेत्रवरिपरिका खोला तथा पोखरीमा माछा पालन तथा मार्ने उद्यमले धेरै मानिसको मासुको आवश्यकता परिपूर्ति गर्दछ । |
| **अप्रत्यक्ष वातावरणीय योगदान** | |
| जलस्रोत | वनमा आधारित उद्यमको प्रवर्द्धनले जलस्रोतका मुहान संरक्षण, पानीको गुणस्तर सुधारका साथै बाढी र सुख्खाको जोखिमबाट बचाउन सहयोग गर्दछ । जलस्रोतसम्बन्धी यस्ता कार्यले कृषि खाद्य उत्पादन र समग्र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेल्दछ । |
| माटो | वनमा आधारित उद्यम प्रवर्द्धनले वनको संरक्षणमा टेवा पुऱ्याउँदछन्- जसले माटोको क्षय हुनबाट रोक्दछ, माटोको निर्माण प्रकियामा मद्दत पुऱ्याउनुका साथै उर्वरा शक्ति बढाउँछ- जुन कार्य खाद्य उत्पादनमा सबैभन्दा महत्वपूर्ण हुन्छ । |
| मौसम नियन्त्रण | जलवायु परिवर्तनको असर बढ्दै गर्दा बाली विफल र किरा तथा अन्य रोग फैलने समस्या बढ्दै जान्छ । वनमा आधारित उद्यम प्रवर्द्धनले स्वच्छ वन स्थापना गरी स्थानीय जलवायुको नियन्त्रणमा टेवा पुऱ्याउँदछ- जसले यस्ता समस्या न्यून गरी खाद्य सुरक्षामा मद्दत पुऱ्याउँदछ । |
| गाईबस्तु | वनमा आधारित उद्यमको प्रवर्द्धनले गाईबस्तुको लागि चाहिने भुइँ घाँस, डाले घाँस र अन्य आहाराको उपलब्धता बढाउन पनि मद्दत गर्दछ, यसले दुध र मासुजन्य खाद्यको आपूर्तिमा मद्दत पुऱ्याउँदछ । |

## ३. खाद्य सुरक्षालाई टेवा पुऱ्याएका वनमा आधारित उद्यमको उदाहरण

नेपालका विभिन्न जिल्लामा वनमा आधारित उद्यम रहेका छन्- जसमध्ये कोशी अञ्चलका पहाडी जिल्ला पनि यस्ता उद्यम स्थापना र सञ्चालनको ठूलो सम्भावना बोकेका ठाउँ हुन् । बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत कोशीका पहाडी जिल्लामा यस्ता उद्यम स्थापना र स्तरोन्नतिको लागि सहयोग प्रदान गरिएको छ । यसै परियोजनाअन्तर्गत सहयोग गरिएका साना उद्यम जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खाद्य सुरक्षामा भूमिका खेलेका छन्, तिनीहरुमध्ये दुईवटा उद्यमको चर्चा तल गरिएको छ। साथै तराईको नवलपरासी जिल्लामा अवस्थित चिसापानी सामुदायिक वनले गरिरहेको जडीबुटी उद्योगको उदाहरण पनि प्रस्तुत गरिएको छ ।

### ३.१ विश्रान्ति सर्बत उद्योग

विश्रान्ति सर्बत उद्योग धनकुटा जिल्लाको मूलगाटमा रहेको छ । यसको स्थापना वि.सं. २०५८ मा गरिएको हो । यस उद्योगमा छवटा सामुदायिक वन (भाङ्गटार, बिलेनी पोखरी, रुद्रबारी, भुवनेश्वरी, जलकन्या र भालुपानी) प्रत्यक्ष रूपमा संलग्न छन्। संलग्न सामुदायिक वन र उपभोक्ताबाट उद्योगलाई आवश्यक कच्चा पदार्थ संकलन गरिन्छ । यस उद्योगले मुख्यगरी बेलको जुस उत्पादन गर्दछ। उपभोक्ताले सामुदायिक वनलाई प्रति केजी रु. २ का दरले बेलको फल बेच्ने गर्दछन् । उद्योगले बेल संकलनकर्ता वा सामुदायिक वनबाट प्रति केजी रु. १० का दरले खरिद गर्दछ। यस उद्योगले एक 'सिजन'मा करिब १२ हजार बोतल बेलको जुस उत्पादन गर्दछ । यो उत्पादन बेल फलको उपलब्धतामा निर्भर गर्दछ ।

यस जुसको उत्पादनमा विश्रान्ति वृद्धाश्रमका वृद्धले पनि काम गर्दछन् र यसको उत्पादन वृद्धाश्रम सञ्चालनको लागि प्रयोग गरिन्छ । बेलको प्रयोगले शरीरमा पोषण र खनिज पदार्थको आपूर्ति गर्दछ साथै यो बजारमा उपलब्ध अन्य पेय पदार्थभन्दा स्वस्थ र औषधीय गुण पनि रहेको हुन्छ । यसको प्रत्यक्ष प्रयोग र उद्यमबाट प्राप्त आम्दानीको उचित प्रयोगले खाद्य सुरक्षामा टेवा पुऱ्याइरहेको छ ।

### ३.२ चिन्ताङ (छिन्ताङ हो कि) देवी मौरीघर उद्यम

चिन्ताङदेवी मौरीघर उद्यम धनकुटाको चिन्ताङमा रहेको छ - जसको स्थापना वि.सं. २०६१ मा भएको हो । यस उद्यमले महिनाको १० देखि १५ वटा मौरीको घार उत्पादन गर्दछ - जसको मूल्य प्रतिघार रु. दुई हजार पाँच सयका दरले महिनाको जम्मा रु. २५ हजारदेखि ३७ हजार पाँच सयसम्महुन्छ ।

यी मौरीघार वरिपरिका किसानले मौरी पालनको लागि खरिद गर्दछन् । मौरीपालन नेपालमा फस्टाइरहेको व्यवसाय हो - जसबाट किसानले खानको लागि महका साथै अन्य खाद्यान्न किन्नको लागि महको बेचबिखनबाट आएको आम्दानी प्रयोग गर्दछन् ।

### ३.३ चिसापानी जडीबुटी उद्योग

चिसापानी जडीबुटी उद्योग नवलपरासी जिल्लाको बर्दघाटमा अवस्थित चिसापानी सामुदायिक वन उपभोक्ता समूहअन्तर्गत वि.सं. २०६८ मा स्थापना गरिएको हो । यस उद्योगमा विभिन्नखालका जडीबुटी जस्तै सिटोनेला लेमनग्रास, पामोसोजा, पचौलीजस्ता जडीबुटीको उत्पादन र प्रशोधन गरिन्छ। यस कार्यमा सामुदायिक वनका महिला उपभोक्ता विभिन्न समूह बनाई कार्य समितिको सहजीकरणमा काम गर्ने गर्दछन् । यसले यस उद्योगमा संलग्न करिब ६५ घरधुरीको जीविकोपार्जनमा प्रत्यक्ष टेवा पुऱ्याएको छ भने सामुदायिक वनले वार्षिक रूपमा रु. दुई लाख आम्दानी गरेको छ। यसरी हेर्दा यस जडीबुटी उद्योगबाट सामुदायिक वन उपभोक्ता समूहको खाद्य सुरक्षामा प्रत्यक्ष योगदान पुऱ्याएको देखिन्छ ।

माथि बताइएका उद्योग वनमा आधारित उद्यमका साना उदाहरणमात्र हुन्। यस्ता अनेकौ किसिमका उद्योग नेपालका विभिन्न स्थानमा सक्रिय छन्- जसले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा खाद्य सुरक्षामा टेवा पुऱ्याइरहेका छन् ।

## ४. वन, वन उद्यम र खाद्य सुरक्षाको नीतिगत र संरचनात्मक अवस्था

खाद्य सुरक्षामा वन र वन उद्यमको भूमिकाको अध्ययन हुनुपर्ने भए तापनि यसबारे खासै चासो दिइएको पाइँदैन । स्थानीय स्तरका प्रगतिशील भनिएका सामुदायिक वनको नीति संरक्षण केन्द्रित र कार्यहरुले वनको उपयोगमा रोक लगाउने (दण्ड/जरिवाना लगाउने) र गरिहाले पनि सो उपयोग काठ दाउरा र घाँसपातमा सीमित रहने गरेको छ ।

हाल प्रचलनमा रहेका वन व्यवस्थापनका कार्य उत्पादनमुखी (काठ दाउरा उत्पादन) र संरक्षणमुखी गरी दुई ध्रुवमा केन्द्रित रहेको देखिन्छ (तालिका-२) । यस्ता व्यवस्थापनले स्थानीय आदिवासी जनजाति समुदायको वनसँगको अन्तरसम्बन्ध, वन उद्यम र खाद्य सुरक्षाको विषयलाई यथेष्ट सम्बोधन गर्न सकेका छैनन् ।

**तालिका २: उत्पादनमुखी र संरक्षणमुखी वन व्यवस्थापनको भिन्नता**

| उत्पादनमुखी वन व्यवस्थापन | संरक्षणमुखी वन व्यवस्थापन |
|---|---|
| • काठ दाउरा र जडीबुटी उत्पादनमा जोड<br>• एकल प्रजातिमा जोड<br>• जनतामुखीभन्दा नाफामुखी<br>• वैज्ञानिक वन व्यवस्थापन | • प्रयोगभन्दा संरक्षणमा जोड<br>• परम्परागत प्रयोगमा निषेध<br>• वन्यजन्तु संरक्षण<br>• खानेपानीको मूल संरक्षण,<br>• पहिरो नियन्त्रण<br>• निकुञ्ज, संरक्षण क्षेत्र, संरक्षण केन्द्रित |

समुदायमा आधारित वन व्यवस्थापनले हरियाली कायम गर्न, वातावरणीय सेवा उत्पादन गर्न र ग्रामीण जीविकोपार्जनमा केही योगदान दिए पनि गरिबी निवारणमा आशातीत योगदान दिन सकेका छैनन् ।

खाद्य सुरक्षाको विषयलाई केवल कृषि उत्पादनसँग जोडेर हेर्ने परिपाटीले वन र खाद्य सुरक्षाको सम्बन्धलाई ओझेलमा पारेको छ। कृषि र वनको विषयात्मक विभाजन र सोही अनुरूपका सरकारी निकायको कार्य विभाजन हुनु र विज्ञहरु पनि कृषि, वन वा पशुपन्छी विशेष हुने गरेको वर्तमान स्थिति छ। यस्ता निकायबीच यथोचित समन्वय नहुनु, कार्यक्रम छरिएर रहनाले खाद्य सुरक्षाको लागि चाहिने एकीकृत व्यवस्थापनको अभाव सदैव खड्किरहने गरेको छ ।

नेपालमा वनसँग सम्बन्धित नीति नियममा काठ, दाउरा, जैविक विविधता, वातावरणीय सेवा र वन उद्यमबारे उल्लेख भएता पनि खाद्य सुरक्षाबारे स्पष्ट प्रावधान रहेको पाइँदैन । वन नियमावली र सामुदायिक वनका मार्ग निर्देशिकाले सामुदायिक वनमा गरिबलाई वनमा असर नपुग्ने गरी अम्रिसो, अलैंची, डाले घाँस आदि खेती गर्न दिने प्रावधान रहेको छ । यस्तै प्रावधान रहेको कबुलियती वन भने गरिबलाई हैसियत बिग्रेको वन दिने गरेको भनेर विवादित रहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले वनस्रोतको प्रयोगमा निषेध गरेको छ। संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ ले प्राकृतिक सम्पदाको सन्तुलित उपयोगसम्बन्धी व्यवस्थापन कार्यक्रम बनाई स्थानीय समुदायले प्रयोग गर्न सक्ने उल्लेख छ ।

यस्ता नीति नियममा रहेर बनाइएका सामुदायिक वनका कार्ययोजना र संरक्षण क्षेत्र व्यवस्थापन कार्ययोजनामा खाद्य सुरक्षाको विषय उल्लेख गरेको पाइँदैन । यसले गर्दा यी कार्ययोजना कसले र कसका लागि बनाइन्छ भन्ने कुरामा प्रश्न आउन सक्ने देखिन्छ। यस्ता

योजनाले स्थानीयवासीको काठ दाउरा र जडीबुटीको माग सम्बोधन गरे पनि वनमा आश्रित अति विपन्न समुदायको जीविकोपार्जनमा भने असर पुर्याएको छ। यसले एकातर्फ चरिचरनलाई रोकेको छ भने अर्कोतर्फ वनबाट फलफूल, तरुल, गिठा, भ्याकुर र च्याउ संकलनमा बाधा पुगेको छ।

यसका साथै पञ्चवर्षीय योजनाहरु र गरिबी निवारणका अवधारणापत्रले वन र प्राकृतिक सम्पदाप्रयोग गरी समृद्धि हासिल गर्ने भन्ने कुराहरु उल्लेख गरेता पनि खाद्य सुरक्षाबारे स्पष्ट कुरा बोलेका छैनन्।

## ५. छलफल र निष्कर्ष

वनमा आधारित उद्यमले भिटामिन तथा पौष्टिक तत्वले भरिपूर्ण भएका उपभोग्य वस्तु उत्पादन गरी प्रत्यक्ष रूपमा तथा अर्कोतर्फ रोजगारीको सृजनाबाट आम्दानी गर्ने अवसर प्रदान गरी आफूले चाहेका खाद्य पदार्थको उपभोग गर्ने पहुँच बढाई खाद्य सुरक्षामा योगदान पुऱ्याएको हुन्छ। यस्ता उद्यमले वनको संरक्षण गर्न टेवा पुऱ्याएर वनबाट खाद्य सुरक्षामा योगदान गर्ने सेवाको समेत वृद्धि गर्द छ। यस्ता उपभोग्य वस्तु र सेवा मुख्यगरी विपत्ति र अनिकालको बेलामा र वनमा आश्रित पिछडिएका समुदायको खाद्य सुरक्षामा निकै महत्वपूर्ण हुन्छ। वनबाट प्राप्त हुने खानयोग्य प्रजाति के/कति छन् र यिनिहरुको स्थिति कस्तो छ भन्ने अध्ययनको अभावमा धेरै प्रजाति लोप हुने खतरामा छन्। वनबाट प्राप्त हुने यस्ता प्रजातिको दिगोपनाको विचार नगरी जथाभावी प्रयोग गर्ने तर संरक्षण नगर्ने परिपाटीले वनमा आश्रित खाद्य सुरक्षामा चुनौती थपिएको छ। यसले एकातर्फ स्थानीय प्रजाति हराउँदै गएका छन् भने सहरका पसलमा विदेशबाट निर्यात गरिएका खाद्यान्न फलफूलको मात्रा बढ्दो छ। यसका साथै जलवायु परिवर्तन र यससम्बन्धी कार्यले वन र खाद्य सुरक्षाको मुद्दलाई अझ पेचिलो बनाउने निश्चित छ। सामुदायिक वनले वनस्रोतको प्रभावकारी व्यवस्थापनका साथसाथै वनबाट जीविकोपार्जन तथा खाद्य सुरक्षामा हुने प्रत्यक्ष र अप्रत्यक्ष फाइदा प्रदान गर्न उपयुक्त अवस्था प्रदान गर्दछ। यिनीहरु वनमा आधारित उद्यमको प्रवर्द्धनमार्फत स्थानीय तहमा महशुस नगरिएका वनस्रोतको उच्चतम प्रयोगबाट गरिब र पिछडिएका जनताको जीविका तथा खाद्य सुरक्षालाई सम्बोधन गर्ने सक्रिय संस्था बन्न सक्छन्। तसर्थ वनमा आधारित उद्यम प्रवर्द्धन गरी खाद्य सुरक्षामा टेवा पुऱ्याउनु जरुरी छ। अबको अध्ययनका विषय वनले खाद्य सुरक्षामा सहयोग गर्छ कि गर्दैन भन्दा पनि यसका अन्तर्सम्बन्ध र वनले के कति मात्रामा तथा कसरी खाद्य सुरक्षामा योगदान गर्छ भन्ने विषयमा केन्द्रित हुनुपर्दछ।

## ६. सन्दर्भ सामग्री


**Arnold, M., Powell, B., Shanley, P. and Sunderland, T.** 2011. Editorial:Forests, biodiversity and Food Security. International Forestry Review, 13(3), pp. 259-264.

**CIFOR.** 2013. Food Security and Nutrition : The Role of Forests. Bogor, Indonessia: Center for International Forestry Research.

**FAO.** 2009. Challenges and opportunities for Nepal's small and medium forest enterprises (SMFEs). Rome: Food and Agricultural Organisation of the United Nations.

**FAO.** 2011. Forests for Improved Nutrition and Food Security. Rome,Italy: Food and Agriculture Organization of the United Nations.

**ITTO.** 2007. Community-Based Forest Enterprises: Their status and potential in tropical countries, Yokohama,Japan: The International Tropical Timber Organization.

**MEDEP.** 2015. Micro-Enterprise Development Programme (MEDEP) Home/ UNDP in Nepal. [Internett] Available at: http://www.np.undp.